# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्वर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्वर
०३७-५२००५१


प.सं. : ०७८/०७९
च.नं : १९३६

(१ नं. प्रदेश), नेपाल
मिति :२०७८।११।१५

विषय:- रोजगार सहायक पदपूर्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. PMEP/२४८, मिति २०७८।११।०४ को पत्रानुसार चालु आ.व. मा रोजगार सहायक नियुक्तिका विषयमा विभिन्न किसिमका प्राविधिक समस्या देखिएकाले मन्त्रालयबाट थप गृहकार्य गर्नुपर्ने अवस्थाका कारण हाल उक्त नियुक्ति प्रक्रिया अगाडी नबढाउन अनुरोध भएको छ । उक्त पत्र बमोजिम यस कार्यालयबाट अगाडी बढाइएको रोजगार सहायक पदपूर्ति प्रक्रिया अर्को सूचना प्रकाशन नभएसम्मको लागी स्थगित गरिएकाले सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ । साथै रोजगार सहायक पदपूर्ति सम्बन्धमा प्राप्त भएको पत्र समेत यसै साथ संलग्न गरिएको छ ।

२०७८।११।१५
..........................
महेन्द्रराज राई
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info@pmep.gov.np
Website: http://pmep.gov.np


प.सं. २०७८/७९
च.नं./PMEP/ २४

मिति: २०७८/११/०४

श्री रोजगार संयोजकहरु,

सबै, गाँउपालिका तथा नगरपालिका ।

विषय: रोजगार सहायकको पदपूर्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आ.व. २०७८/०७९ का लागि स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण हुँदा रोजगार सहायकको तलब भत्ता पनि विनियोजन भई आएको छ । साथै, विभिन्न स्थानीय तहबाट रोजगार सहायक नियुक्तिका सन्दर्भमा जिज्ञासाहरु कार्यक्रमलाई प्राप्त भैरहेका छन् । चालु आ.व.मा रोजगार सहायक नियुक्तिका विषयमा विभिन्न किसिमका प्राविधिक समस्या देखिएकोले मन्त्रालयबाट थप गृहकार्य गर्नुपर्ने अवस्थाका कारण हाल उक्त नियुक्ति प्रक्रिया अगाडि नबढाउनु हुन आदेशानुसार अनुरोध छ ।

(कृष्ण पुडेल)
शाखा अधिकृत